स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विपिन कार्की, सुहाना थापा र धीरज मगर स्टारर फिल्म 'एक भगवत् गीता'को रोचक टिजर सार्वजनिक भएको छ । टिजरमा विपिन लैंगिक अल्पसंख्यकको पात्र कमलामाईको अवतारमा देखिएका छन् । समग्रमा फिल्मको टिजर विपिन र सुहाना वरपर घुमेको देखिन्छ । विपिनको लुक्सले दर्शकलाई सरप्राइज दिन सक्छ । ट्रान्सजेन्डर पात्रको भूमिकामा देखिएका उनी हतियार लिएर लडाईंमा उत्रिएका छन् । टिजर हेर्दा विपिनलाई फिल्मको 'एन्टागोनिस्ट' भएको महसुस गर्न सकिन्छ ।

आजको विचार...



सञ्जीव कार्की

चुनावमा...

(दुई पेजमा)

गत बिहीबार निजी निवासमा मृत अवस्थामा भेटिएका अभिनेता सारुक ताम्राकारको आत्महत्या प्रकरणमाथि प्रश्न उठ्न थालेको छ । सामाजिक सञ्जालमा एक महिला पात्रको नाम बारम्बार आइरहेको छ भने सेलिब्रेटीहरुले सारुकको न्यायको माग गरिरहेका छन् । यसैमा, इन्स्टा स्टोरीमामा एक नोट लेख्दै अभिनेत्री मलिना जोशीले सारुकको आत्महत्या प्रकरणको उचित छानबिनको माग गरेकी छन् । उनले उचित छानबिनको माग गर्दै भएको के हो त्यो सबैले जान्न पाउनुपर्ने उल्लेख गरेकी छन् । उनको पोस्ट अभिनेत्री स्वस्तिमा खड्काले पनि सेअर गरेकी छन् ।



❒ वर्ष २८ ❒ अंक ३४७ ❒ २०८० असार ३० गते शनिबार 15 July 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# कर्मचारी माथि अभद्र व्यवहार
# जनप्रतिनिधि समेत संलग्न रहेको आरोप

हाम्रा संवाददाता—

**पाल्पा (माथागढी),** असार २९/ पाल्पाको माथागढी गाउँपालिकामा केही योजनाहरुको भूक्तानीको विषयलाई लिएर कर्मचारी माथि आक्रमणको प्रयास र अभद्र व्यवहार भएको पाइएको छ । गत बुधबार केही उपभोक्ताहरुले योजनाहरुको भुक्तानी नदिएको भन्दै पालिकाको लेखा शाखामा कार्यरत कर्मचारी, प्राविधिक इन्जिनियर माथि अभद्र व्यवहार गरेको पाइएको हो ।

आर्थिक वर्षको अन्त्यमा योजना सम्पन्न हुँदा समेत कर्मचारीले भुक्तानी नदिएको भन्दै उपभोक्ताहरूले कर्मचारी माथि दाउरा प्रहारको प्रयास गर्नुको साथै अभद्र व्यवहार गरेको भिडियो समेत बाहिरिएको छ । लामो समय लेखा शाखा घेराउ गर्दै कर्मचारीलाई गालीगलौज गर्नुको साथै चिरुवा दाउरा प्रहार गर्न खोजेको भिडियोमा देख्न सकिन्छ । कर्मचारीले सुत्र प्रणालीमा देखिएको समस्याका कारण समयमा भुक्तानी हुन नसकेको र सुत्र





चल्नसाथ काम हुने बताउँदै प्रतिकार गर्न खोजे पनि त्यहाँ पुगेका केही व्यक्तिहरुले लेखा अधिकृत सन्तोष दाहाल माथि दाउरा प्रहार गर्न खोजेको पाइन्छ । आफुहरुलाई बन्धक बनाएर भौतिक शरीर माथि आक्रमण गर्न खोजिएको र मार्नेसम्मको धम्की दिने गरेको लेखा अधिकृत दाहालले बताए । उनले भने 'केही दिनदेखि लेखाको सुत्र प्रणालीमा समस्या आएको थियो, हामी प्रणाली सुधार हुने प्रतिक्षामा बसेका थियौं, सिष्टम चल्न साथ बाँकी योजनाका कामहरु हुने भन्दै उपभोक्ता समितिलाई विश्वास्त दिलाउँदै आएका थियौं, नियमित कार्य गरी बसेको अवस्थामा एक्कासी एक सय जना जति व्यक्तिहरु आएर घेराउ गरी कार्य कक्षमा ताला लगाई बन्दी बनाए ।' जनप्रतिनिधिहरुको निर्देशनमा गुंडागर्दी शैलीमा आएर हामीहरु माथि आक्रमण गर्न खोज्ने र मार्ने धम्की दिने गरेको लेखा अधिकृत दाहालले एनजेडीलाई बताए । उनले आफु माथि ज्यान लिने सम्मको धाक धम्की दिएको र कोठामा धुनिएकै अवस्थामा बाहिरबाट लठ्ठीले घोचि भौतिक आक्रमण समेत गर्ने कार्य गरिएको बताए । दाहालले भने 'पहिलेदेखि नै जनप्रतिनिधिले हामीलाई दवाब सिर्जना गर्दै आउनुभएको थियो । हामीले ऐन, नियम अनुसार काम गर्न खोज्दा उहाँहरुले पटक-पटक हस्ताक्षेप गर्ने गर्नुहुन्थ्यो, तर हामीले ऐन, नियम अनुसार नै काम गर्ने गरेका थियौं, अहिले आएर उहाँहरुले त्यही कुरालाई लिएर हामी माथि आक्रमण गर्न लगाउनु भएको हो ।' कर्मचारी माथि ज्यान मार्ने धम्की र आक्रमण हुँदा समेत अभिभावक जस्तो पालिका अध्यक्ष यम चिदीबाट कुनै सरंक्षण नभएको लेखा अधिकृत दाहालले गुनासो गरे । उनले भने 'योजना तथा कार्यक्रमसँग सम्बन्धित भन्दा पनि असम्बन्धित व्यक्तिहरु आएर हामी माथि अभद्र व्यवहार गरे ।' असार २४ गते योजनाको भूक्तानीका क्रममा महालेखाको सुत्र ओभरलोड भएका कारण देशका अधिकांस स्थानीयतहमा भूक्तानीमा समस्या देखिएको थियो । त्यो समस्या माथागढीमा पनि देखिएको हो । सुत्र नचलेपछि समितिका खातामा भूक्तानी नभएको भन्दै केही वडा अध्यक्ष समेतको संलग्नतामा लेखा र प्राविधिक शाखाका कर्मचारी बन्दी बनाएर कुटपिट गर्ने प्रयासका साथै तथानाम गाली गलौच गरिएको थियो । घटना अत्यन्तै दुःखद् भएको प्रमुख प्रशासकिय अधिकृत दिनेश ज्ञवालीको बताए । लेखाका लागि सबै प्रक्रिया पुगेका भूक्तानीका फाईलहरुका भौचर उठिसकेको भएपनि सुत्र नचलेका कारण खातामा रकम नगएकाले प्राविधिक समस्या उत्पन्न भएको कुरा महालेखा र कोष तथा लेखा नियन्त्रण कार्यालयलाई समयमै जानकारी गराई सकेपछि २७ र २८ गते नै सबै भुक्तानी भई सकेको थियो ।

**कर्मचारीले मागे सुरक्षा**

पीडित कर्मचारीहरुले जनप्रतिनिधिहरुबाट नै सुरक्षाको नअनुभूति नभएपछि जिल्ला प्रशासन कार्यालय पाल्पामा शान्ति सुरक्षाको लागि माग गरेका छन् । उनीहरुले असुरक्षाको अनुभूति गर्दै प्रशासनसँग सुरक्षा दिन निवेदन दिएका हुन् । प्रमुख प्रशासकिय अधिकृत दिनेश ज्ञवाली,लेखा अधिकृत सन्तोष दाहाल इन्जिनियर धर्मेन्द्रकुमार यादव, लेखापाल टिकाराम बस्याल लगायतका पीडितहरुले प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला समक्ष सुरक्षाको माग गर्दै निवेदन दिएका छन् । उनीहरुले आषाढ महिनामा स्वाभाविक रुपमा कामको चाप हुने र आफुहरु निरन्तर रातीसम्म पनि योजनाकै काममा व्यस्त हुने गरेको अवस्थामा केही योजनाहरुको फाइल जनप्रतिनिधिकै दवाबमा छोटो समयमै सक्नुपर्ने हुँदा कार्यबोझ बढेको निवेदनमा उल्लेख गरेका छन् । कार्यबोझकै कारण निरन्तर काममा खटी योजनाहरुको काम सकिएको र केही समय सुत्र प्रणालीमा समस्या उत्पन्न हुँदा केही योजनाको भुक्तानीमा समस्या भएपनि काम हुने जनप्रतिनिधि र सेवाग्राहीलाई विश्वस्त पारेको उनीहरुले बताएका छन् । काम भइरहेका बेला एक्कासी आफुहरु माथि अभद्र व्यवहार भएकाले सुरक्षा दिन उनीहरुले प्रशासनलाई आग्रह गरे ।

(...बाँकी अन्तिम पेजमा)

## सक्षिप्त समाचार

### लुम्बिनी प्रदेशसभा बैठक आज

**दाङ,** असार २९/लुम्बिनी प्रदेशसभा बैठक आज दिउँसो १ बजे बस्ने भएको छ । असार २० गते बसेर स्थगित भएको बैठक आजको लागि आह्वान गरिएको हो ।

असार २० गते राति लुम्बिनी प्रदेशको आगामी वर्षको बजेट प्रदेशसभाबाट पारित भएसँगै अर्को सूचना जारी नभएसम्मका लागि प्रदेशसभा बैठक स्थगित भएको थियो । प्रदेशसभाका सचिवालयका सचिव दुर्लभकुमार पुनले सूचना जारी गर्दै लुम्बिनी प्रदेशसभाको दोस्रो अधिवेशनको उन्नाइसौं बैठक असार ३० गते शनिबार दिउँसो १ बजेका लागि सभामुखको निर्देशनअनुसार आह्वान गरिएको जनाएका छन् । सचिव पुनले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र देहायका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभाका पेस गर्ने, स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा नवीकरण र स्तरोन्नती ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल हुने र एक विधेयक फिर्ता हुने सम्भावित कार्यसूची रहेको बताए । लुम्बिनी प्रदेश सरकारले यसअघि लुम्बिनी प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभामा पेस गरेको थियो ।

## सबै प्रदेशमा वर्षाको सम्भावना



**पाल्पा,** असार २९/ वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाका अनुसार देशभर बदली रहनुका साथै सबै प्रदेशमा वर्षाको सम्भावना रहेको हो ।

कोशी र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । हाल देशमा मनसुनी वायुको प्रभाव रहेको छ । उक्त मौसमी प्रणालीको प्रभावले हाल देशभर आंशिकदेखि सामान्य बदली रहनुका साथै सबै प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । कोशी र गण्डकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन चट्याङसहित भारी वर्षा भइरहेको महाशाखाले जनाएको छ । मधेस प्रदेश र लुम्बिनी प्रदेशअन्तर्गत तराई क्षेत्रका थोरै स्थानमा हवाहुरीको सम्भावना रहेको छ । यसैबीच महाशाखाले आगामी २४ घण्टाका लागि चेतावनी जारी गर्दै देशका कतिपय स्थानमा भारी वर्षा र तराई क्षेत्रमा हावाहुरीको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

## परम्परागत बाली हराउँदै, बीउ पाउन मुस्किल

**रामपुर (पाल्पा),** असार २९/ बजारमा आएका उन्नत जातका बीउको प्रयोगले परम्परागत बीउ पाउन मुस्किल परेको छ । परम्परादेखि नै लगाउँदै आएका अन्नबाली, तरकारी तथा फलफुलका बिरुवा हिजोआज किसानले लगाएको खासै देखिँदैन । छोटो समयमा धेरै उत्पादन लिन बजारमा आएका उन्नत तथा हाइब्रिड जातका बीउमा धेरैको आकर्षण बढेको छ । थोरै जग्गामा अन्नबाली, तरकारी, फलफूल लगाएर उत्पादन धेरै लिन किसानले रैथाने बाली लगाउन छाडेर उन्नत बीउ रोज्न थालेका हुन् ।

परम्परागत रूपमा लगाउँदै आइएका बाली क्रमशः हराउँदै गएको र हिजोआज उन्नत र हाइब्रिड सबैले



प्रयोग गर्न थालेको रामपुरकी सीता देवकोटा बताउँछिन् । 'व्यावसायिक रूपमा खेती गर्न पुरानो जातका बीउले बढी उत्पादन लिन सकिँदैन, घरायसी प्रयोजनका लागि मात्रै खेती गरेर भएन' उनी भन्छिन्, 'धान, मकै तथा तरकारीको खेतीमा नयाँ जातको बीउ नै लगाउने गरिएको छ ।' उनले विगत एक दशयता तरकारी, धान, मकै, गहुँबालीमा उन्नत नै बीउ लगाउँदै आएकी छन् । स्थानीय जातको बीउ लगाउँदा लगानी अनुसारको उत्पादन लिन नसकिने कृषक देवकोटाको भनाइ छ । किसानले बजारका एग्रोभेटबाट नयाँ जातका बीउबिजन खरिद गरेर लगाउने गरेका छन् । गाउँ-गाउँमा एग्रोभेट खुलेपछि नयाँ जातका बीउबिजन खरिद गर्न सहज भएकाले स्थानीय जात हट्दै गएका हुन् । बाहिर बजारमा पुगेर बीउ खरिद गर्ने झण्झटले कतिपयले स्थानीय बीउ नै लगाउने गरेपनि पछिल्लो समय एग्रोभेटले नयाँ-नयाँ जातका बीउबिजन ल्याउन थालेकाले बीउ खरिद गर्न सजिलो भएको अगुवा किसान दिलबहादुर थापा बताउँछन् ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## युवा दक्षता दिवसको सन्दर्भ

प्रत्येक वर्षजस्तै आज विश्व युवा दक्षता दिवस विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभरि मनाइँदै छ । सन् २०१४ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारण सभाले निर्णय गरेपछि संसारभरका युवाको समाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि पक्षलाई सुदृढ गर्ने उद्देश्यले हरेक वर्ष जुलाई १५ मा यो दिवस मनाउने गरिएको हो । युवाहरुको सामाजिक–आर्थिक अवस्था सुदृढ गर्न यो दिवस महत्वपूर्ण हुने गर्दछ । यस दिवसले युवा सहभागितालाई थप सक्रिय गर्ने नवप्रवर्तनात्मक उपाय र युवाको सक्रियताले संसारमै ल्याउन सकिने सकारात्मक परिवर्तनलाई पनि उजागर गर्दछ । विश्वभर बढ्दै गइरहेको बेरोजगारी वा योग्यता अनुसारको रोजगार नपाइने प्रवृत्तिलाई सम्बोधन गर्ने उद्देश्यले पनि यो दिवस मनाउने गरिएको हो भन्दा अत्युक्ति नहोला । आजका युवा नै भोलिका राष्ट्रका कर्णधार हुन् । युवाहरुमा अपार क्षमता रहेको हुन्छ । उनीहरूलाई उचित शिक्ष दिक्षा, रोजगारको व्यवस्था गरी नेपालको शान्ति र समृद्धिमा सरिक गराउनु आजको आवश्यकता हो । युवा दक्षता दिवस मनाउनुको सार्थकता पनि यसैमा छ । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक क्षेत्रमा युवाहरुको सक्रिय सहभागिता रहेको छ । विगतमा युवाका विषयलाई सरकारका नीति, कानुन एवं कार्यक्रमले सही रुपमा सम्बोधन गर्न नसक्दा अवसरको खोजीमा विदेश जाने र उतै पलायन हुने समस्याले मुलुक समस्यामा छ । रोजगार बजारमा उपलब्ध दक्ष र योग्य युवालाई देशभित्र अवसर सिर्जना गर्न नसक्नु, जनशक्तिको माग र शिक्षाबीच सामञ्जस्य कायम हुन नसक्नु जस्ता धेरै कारण युवाहरु बेरोजगार बस्नु परेको छ । यि कुरामा दिवसले हेक्का राख्न सकेको छैन ।

विश्वभर दक्ष कामदारको माग बढेको छ तर नेपालमा दक्ष कामदारहरू ज्यादै कम छन् । सो कारणबाट राजनीतिक विकृति भई भ्रष्टाचार झन् बढेको छ । यसलाई सम्बोधन गर्न पनि युवाहरू दक्ष हुनु आवश्यक छ । दक्ष युवाहरू विदेश पलायन नभई देशमै काम गरेमा भ्रष्टाचारलाई समेत न्यूनीकरण गर्न सकिन्छ । युवाहरुलाई दक्ष बनाउन भन्दै हरेक वर्ष ठूलो मात्रमा रकम खर्च गर्ने गरिन्छ । तर त्यो रकमको सोही उपयोग हुन भने सकेको छैन । यो अत्यन्त दुखको कुरा हो । नेपालमा अझै पनि धेरै युवाहरु दक्ष नभएकै कारण बेरोजगार भएर बस्नु परेको छ । यसलाई दिवसले सम्बोधन भने गर्न सकेको छैन । दिवस औपचारिकतामा मात्र सिमित बन्न पुग्दा धेरै युवाहरु दक्ष हुनबाट बञ्चित हुनु परेको छ । यसर्थ युवा वर्गको क्षमता वृद्धि र विकासका लागि राज्यले प्राथमिकता दिई राष्ट्रिय युवा नीति, कार्यनीति, रणनीति, कार्यक्रम र कार्य योजना बनाई मुलुकलाई आवश्यक मार्ग निर्देशन गर्न सके मात्र युवा दक्षता दिवसले सार्थकता प्राप्त गर्न सक्दछ ।

### Opinion @ Social Network

अंसल इमान्दार राम्रा मान्छेलाई सधैं सम्मान गर्नुपर्छ रे ।
त्यसैले आजकाल ऐना हेर्ना साथ सलाम थोक्ने गर्छु ।।
*(उदय गाहा मगरको फेसबुक स्टाटस https://www.facebook.com/mecrazyboi.magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चुनावमा उम्मेदवार बन्नेको लर्को, चुनावपछि बेपत्ता



सञ्जीव कार्की

*चुनाव हुनुको केही समयअघि र चुनावको दिनसम्म जनता सबैभन्दा ठूलो भगवान्, महान् न्यायाधीश र भाग्य विधाता जस्ता अनेक सम्मानजनक नाम र संज्ञाले सम्बोधित हुन्छन् । राजनीतिक पार्टी तिनका नेताकार्यकर्ता आम मतदातासामु साहुसँग ऋणी भाका थप्न गएझैँ विनीत र नम्र बन्छन् । व्याज जति प्रतिशतले बढाए पनि आफू तिर्न राजी भएको मौखिक तमसुक गरिदिन्छन् । चिन्दै नचिनेकाहरू समेत नाता जोड्दै आउँछन् । सबै आफन्त सबै दुःखसुखका साथी जस्तो लाग्छ । पार्टीको कार्यकर्ता नभएको सामान्य मान्छेलाई आफूसँग भोट माग्न आउने सबैलाई भोट दिऊँ दिऊँ लाग्ने बनाउँछन् । कतिले सामान्य घर खर्च, कतिले छोराछोरीका लागि रोजगारी, कतिले खाने पानी सिँचाइ, नहर, कुलो, पैनी आदिको सामाजिक समस्यासमेत अब हटाउने वचन दिन्छन् । गाउँठाउँको खोनेपानी योजनाको सर्भेदेखि बाटो खन्ने, पिच गर्नेलगायतका काममा फोकस गर्छन् । स्कुल, हेल्थपोस्ट, खेलमैदान निर्माण लगायत यावत कुराको माग पूरा गर्ने वाचा दिन्छन् । त्यतिबेला उनीहरू दुःखसुखका साथी जस्ता लाग्छन् ।*

चुनाव लड्ने सबैको प्रजातान्त्रिक हक हो । आवश्यक संवैधानिक र कानुनी योग्यता पुगेका व्यक्ति जो जतासुकै प्रतिस्पर्धा गर्न पाउँछन् । त्यसैले स्थानीय, प्रदेश र संघीय निर्वाचनमा थुप्रै व्यक्ति स्वतन्त्रदेखि पार्टीको उम्मेदवार बन्ने लर्को लाग्छ । निश्चित सिट संख्यामा विजयी भएका बाहेक अन्य उम्मेदवार र व्यक्तिहरू आवधिक समयसम्म प्रतिनिधित्व गर्नबाट वञ्चित हुन्छन् । त्यतिबेलासम्म उनीहरू अर्को चुनावको तयारीका लागि जनताको सुखदुःखमा सहभागी हुँदै प्रतिनिधित्व गर्न चाहेको निकाय स्थानीय, प्रदेश र संघीय सांसदको छाया बनेर रहनुपर्ने हो । तर हाम्रो देशमा त्यस्तो भएको पाइन्न । चुनावमा प्रतिस्पर्धा गरेकाहरूले पूरा गर्नुपर्ने आवश्यक दायित्व पालन नगरेकै कारण कहिल्यै प्रतिस्पर्धाको राजनीतिमा नभएका मान्छेहरूले फुत्त आएर चुनाव जितेको छन् । चिठ्ठा परे जस्तो उनीहरू एकाएक शक्तिमा आउँछन् । उनीहरूमा जनउत्तरदायित्वको अभाव हुन्छ । पछिल्लो समय राजनीतिमा नभएका मान्छेहरूलाई पनि धमाधम चिठ्ठा परिरहेको छ । राजनीतिमा कुनै योगदान नगरेका, राजनीतिको सामान्य परिपाठसमेत नजानेकाहरू चुनावमार्फत धमाधम अनुमोदन भइरहेका छन् ।

**यस्तो किन भइरहेको छ ?**

पार्टीहरू र विगतमा चुनावमा प्रतिस्पर्धा गरेका मान्छेहरूले गम्भीर भएर आत्ममूल्याङ्कन गर्नुपर्ने बेला आएको छ । चुनावमा पराजित हुँदा र विजयी बन्दा आफूले गरेका प्रतिबद्धताहरू कति पूरा भयो ? चुनाव जित्नेहरू मात्र होइन पराजित हुनेहरू पनि आफूलाई विश्वास गरेर मतदान गर्नेहरूप्रति जवाफदेही हुनुपर्छ । चुनावमा जय-पराजयपछि आफ्नो भूमिका बिर्सने उम्मेदवारका कारण पनि पुराना दलहरूप्रति आम मान्छेको आकर्षण कम भएको हो । राजनीति र समाज सेवाका लागि कर्तव्य गर्न कुनै विशेष समय, दिन र साइतको आवश्यक पर्दैन । सामाजिक कामका लागि कुनै ज्योतिषको चिना टिपोट र शुभ साइतको लगन जुराउनु पर्दैन । जहिल्यै जनताका सुखदुःखमा उनीहरूको उपस्थिति आवश्यक हुन्छ । दुःखमा सान्त्वना र सुखमा सहयात्रा अपेक्षित हुन्छ ।

चुनाव हुनुको केही समयअघि र चुनावको दिनसम्म जनता सबैभन्दा ठूलो भगवान्, महान् न्यायाधीश र भाग्य विधाता जस्ता अनेक सम्मानजनक नाम र संज्ञाले सम्बोधित हुन्छन् । राजनीतिक पार्टी तिनका नेताकार्यकर्ता आम मतदातासामु साहुसँग ऋणी भाका थप्न गएझैँ विनीत र नम्र बन्छन् । व्याज जति प्रतिशतले बढाए पनि आफू तिर्न राजी भएको मौखिक तमसुक गरिदिन्छन् । चिन्दै नचिनेकाहरू समेत नाता जोड्दै आउँछन् । सबै आफन्त सबै दुःखसुखका साथी जस्तो लाग्छ । पार्टीको कार्यकर्ता नभएको सामान्य मान्छेलाई आफूसँग भोट माग्न आउने सबैलाई भोट दिऊँ दिऊँ लाग्ने बनाउँछन् । कतिले सामान्य घर खर्च, कतिले छोराछोरीका लागि रोजगारी, कतिले खाने पानी सिँचाइ, नहर, कुलो, पैनी आदिको सामाजिक समस्यासमेत अब हटाउने वचन दिन्छन् । गाउँठाउँको खोनेपानी योजनाको सर्भेदेखि बाटो खन्ने, पिच गर्नेलगायतका काममा फोकस गर्छन् । स्कुल, हेल्थपोस्ट, खेलमैदान निर्माण लगायत यावत कुराको माग पूरा गर्ने वाचा दिन्छन् । त्यतिबेला उनीहरू दुःखसुखका साथी जस्ता लाग्छन् । आफ्नो भाउ बढेकोमा सामान्य जनतादेखि अलिकति पढेलेखेका मान्छेसमेत हुनेवाला संसद् मन्त्री र अन्य त्यस्तै व्यक्तित्वको समीपमा रहँदा उसले सल्लाह माग्दा खुसी भएर अचाक्ली हुन्छन् । मानौं आफ्ना सबै दुःखको निदान गर्ने र दुःखमा साथ दिने सुखमा रमाउने मान्छे यिनै हुन् । भाग्य विधाता सब हुन् । साथीभाइसँग धक्कु पनि लाउन भ्याउँछन् । छरछिमेकसँग आफ्नो बाक्लो बसउठ भएको मान्छेले जितेमा यस्तो हुन्छ, उस्तो हुन्छ भन्ने सपना पनि देखाउँछन् । कसैले गाउँमा फलानोले जिते गाउँमा विकासको खोलो नै बगाउने, स्वास्थ्य, शिक्षा र रोजगारीको ग्यारेन्टीकै फुर्ती लाउँछन् । आश्वासन सपना र लोभको बिक्री वितरण नै हुन्छ । हामीले जिते बजेट आउने र अर्कोले जिते बजेट कटाइदिने धम्कीसमेत दिन्छन् । फ्री भिसा र फ्री टिकेटको लोभ देखाउँछन् । खानेपानी कृषि सिँचाइ मल बीउ सबको प्रबन्ध गर्ने कुरा गर्छन् । समग्रमा नगर्ने काम कुनै हुँदैन । आत्मनिर्भर अर्थतन्त्र, स्वाभिमानी देश र पौरखी नागरिक निर्माणको काल्पनिक प्रतिस्पर्धा नै दलगत उम्मेदवार र स्वतन्त्र उम्मेदवारबीच हुन्छ । वडाध्यक्षदेखि गाउँ पालिका र नगरपालिकाका उम्मेदवार कार्यकारी हुन् । उनीहरू एक किसिमले विकासे नेता कार्यकर्ता नै हुन् । विकास निर्माणका कुरा गर्न मिल्छ, गर्ने उनीहरूले हो तर विडम्बना प्रदेश सभा र संघीय सांसदहरू आफ्नो भूमिका र कर्तव्य बिर्सेर पूरै विकासे नेता कार्यकर्ता र स्थानीय निकायको कार्यकारी प्रतिनिधि भए झैं गरी सपना देखाउँछन् । संसद्मा बसेर नीति-नियम बनाउनुपर्ने र बहस गर्नुपर्ने चुनावका लागि आएका प्रतिनिधि खल्ती र डायरीमा विकास बोकेर प्रस्तुत हुन्छन् । यी र यस्ता मजाक केवल चुनावका दिनसम्म मात्रै चल्छ । जब चुनाव सकिन्छ, सबै उम्मेदार गायव हुन्छन् । नेता कार्यकर्ताले आफ्नो भूमिका र कार्य क्षेत्र सबै बिर्सन्छन् । मृत प्राणीलाई उपियाँ उड्सले छोडे झैं भोट माग्नेहरू जनताबीचबाट अलप हुन्छन् ।

**सपनाको अनेकौ भऱ्याङ चढाएर अलपत्र छोडिदिन्छन्**

चुनावपछि आफ्नो निकाय फर्केर नहेर्ने उम्मेदवार अर्को चुनाव आएपछि सबैभन्दा विनित भएर आइपुग्छ । चुनाव पछि, जनताका सुख दुखमा नहुनेहरू चुनावका बेला आउँछन् र जित्नेले पनि केही नगरेको र अबको लागि आफू अब्बल उम्मेदवार भएको दाबी प्रस्तुत गर्छन् । चुनावको बेला सहयोगी देखिने राजनीतिक दल दसैं, तिहार, छठ, इद, होली जस्ता महत्वपूर्ण पर्वमा जनतालाई यातायातको अभाव हुँदा कतै देखा पर्दैनन् । कोरोना संकटमा आफ्ना गाउँ ठाउँका कुनै उम्मेदवार जनतालाई के कसो छ भन्न गएनन् । हरेक चाड पर्वमा बढने महँगी र अभावमा कुनै पनि उम्मेदवार आम मान्छेको लागि आवाज हुँदैन । चुनावमा गाडी लिएर मान्छे ओसारपसार गर्ने उम्मेदवार मान्छे सिकिस्त भएर अस्पताल जान नसक्दा गाडी लिएर पुग्दैन । जनताका दैन्दिनका समस्याबारे बेखबर बस्छ । जनताको घर आँगनमा बाढी पस्दा र पहिरो खस्दा चुनावमा खडा भएको कुनै उम्मेदवारले पनि मुख देखाउँदैनन् । जग्गा दलालले सार्वजनिक जग्गा मिलेमतोमा व्यक्तिको नाममा पास गर्दा त्यस्तो रोक्न त झन् के पुग्थ्यो ! स्कुलमा शिक्षक नहुँदा र भइरहेकै शिक्षकहरूले पनि राम्रो पठन पाठन नगर्दा, स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी र औषधि नहुँदा, स्थानीय निकायले राम्रो सेवा प्रवाह नगर्दा ती समस्यासँग जुध्न कोही पुग्दैन तर जब चुनाव आउँछ अनेक योग्यता र विशेषताले सिंगार पटार गरेर एक से एक उम्मेदवार आफ्नो निकाय बनाउने सपनाको पोको बोकेर खडा हुन्छन् । जनतालाई दिग्भ्रमित पार्ने अनेक अस्त्र लिएर आइपुग्छन् ।

**चुनाव हार्नेले आफ्नो पनि जिम्मेवारी हुन्छ भन्ने कहिल्यै बोध गर्दैनन्**

स्थानीय तह निर्वाचन २०७४ लाई हेरौं, जहाँ ७५३ वटा स्थानीय निकायको लागि प्रमुख र उपप्रमुखसहितका ३५२११ पदका लागि ५७ दलको तर्फबाट र स्वतन्त्रहरु गरी १४८३६४ जना उम्मेदवार मैदानमा थिए । ३५२११ निर्वाचित हुँदा बाँकी रहेका ११३१५३ जना उम्मेदवार निर्वाचित हुन नसकेका भए पनि जनताले केही न केही पत्याएका मानिस हुन् । २०७९ को स्थानीय निकायको निर्वाचनमा पनि १५३२२० उम्मेदवार खडा भएका थिए । ३५२११ उम्मेदवार निर्वाचित भए भने ११८००९ उम्मेदवार निर्वाचित हुन सकेनन् । के पराजित उम्मेदवारको आफ्ना मतदाताप्रति जिम्मेवारी रहन्न र ? खासमा यीमध्ये धेरै कमले मात्र आफ्नो क्षेत्रमा बसेर जनताको सुखदुखमा साथ दिएको पाइन्छ भने बाँकीले चाहिं आफ्नो जिम्मेवारी चुनावमा उठ्नु मात्र हो भन्ने ठानिरहेको देखिन्छ । यस्तै गरी प्रदेश सभा र प्रतिनिधि सभामा उम्मेदवार बन्ने व्यक्तिहरू पनि चुनाव हारेपछि आफ्नो सबै दायित्व र भूमिका बिर्सेर बस्छन् । समग्रमा भन्दा जित्नेको मात्रै सबै जिम्वेवारी र हार्नेको कुनै दायित्व नभएको जस्तो मान्यता स्थापित भएको छ । चुनाव एउटाले जिते पनि ऊसँग प्रतिष्पर्धा गर्ने कतिपयले पनि तुल्य तुल्य मत ल्याएको हुन्छ । कतिपय ठाउँमा मत बराबर भएर गोला प्रथा गर्ने पनि गरिन्छ । तसर्थ हार्नेको पनि जिम्मेवारी कम हुँदैन । तर राजनीतिमा हार्नेको भूमिकालाई अवमुल्यन गरिने भएकाले हार्नेहरू मैदान बाहिर बस्न पुग्छन् । जित्नेको काम कारबाहीलाई रचनात्मक बनेर सघाउने, खबरदारी गर्ने र कसैलाई राजनीतिक आग्रह/पूर्वाग्रह राखेर पेलियो भने त्यसको प्रतिरोध तत्काल गर्ने दायित्व उपविजेताको हुनुपर्छ । तर यस तर्फ उदासीन बन्नेहरू नै चुनावमा उम्मेदवार बन्न हानाथाप गरेर पुगेका हुन्छन् । राजनीति समाज सेवा हो, समुदायसँग घुलमिल हुने, समाजको हर घटनामा चनाखो रहने विषय हो । यहाँ भने जब चुनावको सूचना जारी हुन्छ तब जनताका सुख दुःखमा कहींकतै नदेखिएकाहरु बर्खामा च्याउ जसरी भटाभट मैदानमा निस्कन्छन् । जनताको समस्या वेवास्ता गरेर गर्न थालिएको विकृत राजनीतिका कारण नै पार्टी राजनीति र समुदायको हितसँग कहिल्यै साइनो सपना नभएकाहरूले समेत चुनाव जित्छन् ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतीहरूसँग जुध्नुपर्नेछ । | **तुला** :खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । |
| **वृष** :प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। | **वृश्चिक** : साझेदारीबाट पनि फाइदा उठाउन सकिनेछ । |
| **मिथुन** :परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ। | **धनु** :पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ । |
| **कर्कट** : नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुनसक्छ। | **मकर** : चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन्। |
| **सिंह** :धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । | **कुम्भ** : गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ। |
| **कन्या** : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । | **मीन** :परिस्थिति अनुकूल रहे पनि धनमाल हराउने डरले सताउन सक्छ। |

# साहित्य दर्पण

कथा — पदमकुमार श्रेष्ठ 'अरबिन्द'

## उनको फ्रेन्ड रिक्वेस्ट...

*फेसबुक, सामाजिक संजाल त्यतिबेला सबैको रोजाइ र कसैको खोजाइ बनिरहेको थियो । कयौं सम्बन्धहरु जोडिए, कयौं तोडिए त कयौंको यसैबाट तोडाइएका, छोडाइएका दृष्टान्तहरु पेश गरिरहनुपर्ने देख्दिनँ तर पनि लत बन्दो रहेछ हरेकको आफ्नो सिमाना पार गरेपछि । एउटा नशामा देखिएको स्वाद, नभई पनि नहुने भए पनि नहुने, तर पाएसम्म धेरै नै चाहिरहने । सुरु–सुरुमा एकछिन खोल्यो हेर्यो तर विस्तारै संसार नै यही ठानेर झुन्डिरहने, खोल्यो फेरि बन्द गर्यो अनि अपडेट हेर्यो । विस्तारै फेसबुक प्रयोग गरेको मान्छेलाई फेसबुकले नै प्रयोग गर्न थाल्यो । अब त फेसबुक चलाउन कम गर्नुपर्यो भनेर ओछ्यानमा पल्टिएर सोच्दै थिएँ ।*

'मेरो नाममा बिहेको कार्ड आएको भए मिलेसम्म बिहेमा आउने थिएँ अनि धित मरुन्जेल हेर्ने थिएँ, मन साटियो उनी गइन् तर पर्खिरहेँ ।' कमेन्टहरु गोली बर्सिए जसरी बर्सिन थाले, थुप्रै लाइकहरु आए । म्यासेन्जरमा कल र म्यासेजहरु आइरहे । कसैको जिज्ञासा थियो, कसैको त्यसमा केही लाइन थप्दै पोस्ट गरेका थिए जुन उसको लागि खर्चेको अन्तिम स्टाटस थियो । हरेक स्टाटस पोस्ट गर्ने बित्तिकै केही न केही लाइन सहित उपस्थित जनाउने उनले लामो समयसम्म पनि केही देखिएन ।

फेसबुक, सामाजिक संजाल त्यतिबेला सबैको रोजाइ र कसैको खोजाइ बनिरहेको थियो । कयौं सम्बन्धहरु जोडिए, कयौं तोडिए त कयौंको यसैबाट तोडाइएका, छोडाइएका दृष्टान्तहरु पेश गरिरहनुपर्ने देख्दिनँ तर पनि लत बन्दो रहेछ हरेकको आफ्नो सिमाना पार गरेपछि । एउटा नशामा देखिएको स्वाद, नभई पनि नहुने भए पनि नहुने, तर पाएसम्म धेरै नै चाहिरहने । सुरु-सुरुमा एकछिन खोल्यो हेर्यो तर विस्तारै संसार नै यही ठानेर झुन्डिरहने, खोल्यो फेरि बन्द गर्यो अनि अपडेट हेर्यो । विस्तारै फेसबुक प्रयोग गरेको मान्छेलाई फेसबुकले नै प्रयोग गर्न थाल्यो । अब त फेसबुक चलाउन कम गर्नुपर्यो भनेर ओछ्यानमा पल्टिएर सोच्दै थिएँ । अकस्मात अपरिचित केटीको फ्रेन्ड रिक्वेस्ट आयो । नजाने गाउँको बाटै नसोध्नु भन्दै 'नट नाउ' बटन थिचिदिएँ । त्यसको लगत्तै म्यासेज आएको देखेँ । लेखिएको थियो- 'मैले तपाईंको नाम खोज्नै एक महिना लाग्यो । जे होस् भेटेँ । धेरै सुनेको थिएँ अरुबाट तपाईंको बारेमा अनि रिक्वेस्ट पठाएँ । के म साथी बन्न सक्छु नि ?' आफूलाई त्यसरी म्यासेज नै आएपछि के भाउ खोजिरहनु जस्तो लागेकोले 'स्योर' लेखिदिएँ । तुरुन्तै फेरि रिक्वेस्ट आयो र एसेप्ट गरेँ । सायद, अनलाइन नै रहिछन् र त आयो जवाफ- 'थ्यांक यू, अब हामी साथी भया' भन्दै स्माइली पठाइन् । जवाफमा मैले उत्तर दिँदै भनेँ- 'ठिकै छ नि, खुसी लाग्यो साथी ।' फेरि अर्को दिन यसैगरी छोटो मिठो कुरा हुन थाल्यो । एकदिन भनिन् 'तिम्रो स्टाटस त खत्रा-खत्रा पोस्ट हुन्छ, कतै आफ्नै भोगाइ त होइन नि ? त्यति गहिरो शब्दहरू कहाँबाट खोज्नु हुन्छ क्या ? तैपनि मलाई त एकदमै मनपर्छ, कमेन्ट गर्न आउँदैन त्यसरी त, त्यसैले रेडिमेड पठाइदिन्छु' भन्दै हाहा... गर्दै हाँस्छिन् । कति दिन उत्तर नफर्काई बस्न सकेछु तर कति कन्ट्रोल गर्नु, मेरो नि मनै त हो । विस्तारै छोटो-छोटो रिप्लाई दिन थालेँ र भनेँ- 'खै त पढ्ने मात्रै ? हामीलाई नि कमेन्टको उत्तर दिने मौका कहिल्यै मिल्ला जस्तो त देखिनँ साथी यो जुनीमा ।' उसको उत्तर फेरि यस्तो, 'कमेन्ट गर्यो भनेर 'हवस् ।' हुँदाहुँदै उसको बानी परिसकेछ । म्यासेज, कमेन्ट नआउँदा एक्लोपन फील हुने भैसकेछ । फेसबुक खोलेर पुगेन, उसकै उपस्थिति हुनैपर्ने । उसैसँग बोल्नुपर्ने नशा अरुको उपस्थितिले पूरा हुन, खुसी हुन भुलिसकेछु । तर पनि उसको एउटा फोटो असाध्यै मनपर्छ, शिर निहुरिएर फोन चलाउँदै गर्दाको पिङ्क टप्स । घरीघरी कमेन्ट गर्दै उसको रेसपोन्स कुर्ने बानी अनि विस्तारै उसको सुन्दर तस्बिरबाट आउने चुम्बकीय शक्ति सहितको शब्द वाणले कहिलेकाहीं ठाउँमा छुने । विस्तारै उनीमा आफूलाई निर्भर भएको पाउन थालेँ । यसरी कुरामा मात्रै सीमित हुनुभन्दा यसको लिमिट तोड्दै फोन नम्बर माग्दा दिन मानिनन् । भेट्न खोजेँ, अस्वीकार गरिन् । आफूलाई झन् असहज महसुस भएको अनुभूति बढ्न थाल्यो । कुरा गर्दा समय बितेको पत्तै हुन छाड्यो र एकदिन आफूलाई बिसन्चो भएको जानकारी म्यासेजमा छाडेँ । त्यसपछि उसले फोन नम्बर मागी, फोन गरी र भनी 'ल भन्नु के भयो खासमा ?' अस्पतालमा बिरामी भएर भर्ना हुँदा डाक्टरले नि यति विस्तृत रुपमा सोधेको थिएन होला । अनि थपी, 'यस्तो बिरामी हुने मान्छेले मलाई भेट्न सक्छ त ?' हजारौं भिडहरुको आवाजमा उसको एकल आवाजले किन सब चिज ठिक हुन्छ ? थाहा छैन, न त भेटघाट नै भएको छ । यात्रामा कहाँको मानिसलाई कहाँबाट कसरी नजिक बनाउँदो रहेछ । उसको फोन आयो, वसन्तपुरको रुफ टपमा भेट्ने निर्णय भयो । समयभन्दा केही ढिला गरी आइन् । विस्तारै कफीको तालमा कुराहरू हुन थाले । वसन्तपुरको छेउमा भएकोले तलको दृश्यहरु सजिलैसँग देख्न सकिन्थ्यो । उसको घरायसी हालखबर सोधपुछपछि विस्तारै आँखाहरु एकआपसमा जुध्न थाले । सबैको बिहे भैसकेको र अब आफ्नै पालो भन्ने आशय मुस्कुराउदैँ भनिन् । त्यसैबीच प्रेम प्रस्ताव राखियो अनि उत्तरमा स्वीकार गर्दै अब बिहे कहिले गर्ने? पालो मेरै हो त भन्थी । कुनै अबरोध सहजै स्वीकार गर्नुले अब संसार जितेजस्तो लाग्यो । प्रेममा आउने खुसीले शरीरमा उर्जा थप्छ, रातभर पढ्ने जाँगर बढाउँछ, सबै खुसीयालीमा दिन रमाइलो बन्छ । यसैगरी सम्बन्धले एक वर्ष पार गर्यो । ऊसँग कहिले गोदावरी, ह्वाइट गुम्बा, स्वयम्भू, गार्डेन अफ ड्रिम्स, टौदह, कीर्तिपुर, नगरकोट, पोखरा, सौराहा लगायतका रोमाञ्चित कहानी थुप्रै छन् । ऊसँगको सामीप्यताले सारा दु:ख-पीडाहरु बिर्साईदिन्थेँ । यसैगरी कयौं दिनहरु, रातहरु घर बाहिर नै बित्थे । पहिलो सम्बन्धपछि नै होला, उनी मसँग अझ खुलेर कुरा गर्न थालिन् । उसको भेटअनुसार- 'अङ्कलमार्फत बिहेको लागि केटा हेर्न आएको रहेछ । क्यानडाको पिआर, सबै परिवार क्यानडा बसोबास गर्ने । मेरो उच्च शिक्षाको गन्तव्य पनि क्यानडा र अर्को महिना बुबा-आमा सहित कुरो अगाडि बढाउन बोलाउने भन्ने जानकारी आएसँगै मैले अहिले बिहे नगर्ने, अझै दुई वर्ष गर्दिनँ भने ।' मन थोरै हल्का भयो । एक/दुई वर्ष सजिलै बितिहाल्छ । बरु अहिले युके अंकलसँगै जान्छु अनि एक/दुई महिना बसेर फर्केपछि हामी दुवैजना क्यानडा जानुपर्छ । यतै बस भन्नुभयो भने बस्न मन लागेन भन्दिन्छु । भोलि उनी उड्दैछिन् । आज हाम्रो बिदाइ भेट । वसन्तपुरको त्यही क्याफे । मन भारी भैरहेको थियो, शरीरमा जोश, जाँगर त्यति थिएन । किनकि यो हाम्रो पहिलो क्षण थियो कि बिदाई गर्नु । निस्कनै लाग्दा गेटमा भेट भयो । फेरि फर्कनु पर्यो । त्यही बिहेको प्रस्तावको लागि अनि फेरि अस्वीकार गरिदिएँ । दिनभर मन दु:खी बनाउँदै बसिरहेँ । भोलि त उनी नेपाल छाड्दैछिन् तर आफूले संसार छाडुँलाजस्तो भैसक्यो । रुँदै भन्दै थिइन्- 'हामी फोनमा, म्यासेन्जरमा कुरा गरौँला । म छिट्टै आउँछु ।' एअरपोर्टमा छुट्टिने बेलामा 'आई विल बि ब्याक सून' भन्दै आँखा पुछ्दै बिदाइको हात हल्लाइयो । एउटा मान्छेको मायाले कति फरक पार्ने रैछ जिउनुमा कलेज गयो पढ्न मन लाग्दैन । भर्खरै गएकोले खबर गर्न नभ्याएको हुन सक्छ भन्दै मनलाई सम्झाएँ । करिब एक हप्तापछि उसको फेसबुक देखिएन, डियाक्टिभेट गरेजस्तो लाग्यो । फोन त गर्न सक्थी नि भन्ने लाग्यो । हप्ता हुँदै महिना बित्यो, दुई महिना पनि बित्यो तर अह ! उसको खबर पाउन सकिनँ । उसका यादहरुले नराम्ररी तड्पायो, सम्झनाले पोल्न थाल्यो । आफूलाई जिउँदो छु जस्तो पनि लाग्न छाड्यो तर श्वास चल्छ । बोली फुट्छ तर बोल्ने कोसँग ? नेपाल हुँदा मेरै अङ्गालोमा कसिएर बोल्ने उनी आज कहाँ के गरेर बसेकी छिन्, उनैलाई थाहा होला । कतै त्यही केटासँग बिहे त गरिन् ?प्रेमले मलाई दिनहुँ गलाउँदै लग्यो, जलाउँदै लग्यो । उसको ओठमा रमाउने यी ओठहरु स्पर्शको अभावले पट्पटी फुट्न थालिसकेछ । उसका शरीरमा सल्बलाउने यी हातका औंलाहरु कलम समातेर उसैसँगै बिताएका क्षणहरुको सम्झनालाई कापीमा लेखिरहेछु । अकास्मात मेरो देब्रे हात फेसबुक तिर दौडन खोज्छ, कर्सर विस्तारै सार्नुअघि नै दुई वर्षपछि पुन: फेसबुकमा फ्रेन्ड रिक्वेस्ट आएको देखेँ । यत्रो समयपछि फेरि रिक्वेस्ट तर किन ?

***-सेतोपाटी डटकम***

---

नियात्रा — जीवा लामिछाने

## एउटा सहरको कथा

*कुनै बेलाका शक्तिशाली राजाले कुन मुडमा त्यो वाइनको प्रशंसा गरिदिएका थिए, त्यही आधारमा प्रसिद्ध भएको रहेछ । लाग्यो, कतिपय कमसल सामग्री शक्तिशाली मानिसले प्रशंसा गरेकै भरमा विशेष भएका छन् । सायद, यो नियम मानिसमा अझ बढी लागु भएको हुनुपर्छ । साइप्रस यात्रामा कमान्डेरिया वाइनको खोजी मात्र होइन, त्यहाँको राष्ट्रिय जनावरको खोजीमा पनि केही समय बिताइयो । साइप्रस विभाजित राष्ट्र हो भन्ने कुरा थाहा नभएको होइन, तर सहरको बीचबाटै सेनाको बन्दुकसँगै अर्को देश र सहर सुरु भएको देख्दा म आश्चर्य चकित भएँ ।*

हामी साइप्रसको पाफोस सहरबाट १५० किलोमिटर दूरी पार गरेर राजधानी निकोसिया पुगेका थियौँ । हरेक सहरको आफ्नै मौलिक विशेषता हुन्छ, त्यही मौलिकता हेर्दै हामी रमाइरहेका थियौँ । १० लाख जनसंख्या भएको युरोपियन युनियनमा रहेको सुन्दर देश साइप्रसमा यसअघि नपुगेको त होइन, तर यसपटको घुमघाम नितान्त पारिवारिक र फुर्सदको थियो ।

अरु बेलाको तुलनामा परिवारसँगको भ्रमणमा मन विशेष आह्लादित हुन्छ नै ! 'अब यो ठाउँबाट अर्को देश सुरु हुन्छ र यहाँभन्दा अघि बढ्नु हाम्रो लागि असुरक्षित हुन सक्छ ।' निकोसिया सहरको मध्यभागतिर पुगेर आफ्नै मनसँग कावा खाइरहँदा एउटा प्रहरी चेकपोस्टको अघिल्तिर उभिएर रञ्जित महतोले भने, 'शासकहरूले आफ्नो महत्वाकांक्षा पूरा गर्न सहरको बीचबाटै देशको सिमाना कोरिदिन्छन् । यहाँभन्दा उता अर्कै मुद्रा चल्छ, अर्कै भाषालाई मान्यता दिइएको छ र अरु कसैले शासन गर्छन् । यही कारण आममानिसले यहाँभन्दा अघि बढ्न अनेक झण्झटको सामना गर्नुपर्छ ।' कुनै बेलाका शक्तिशाली राजाले कुन मुडमा त्यो वाइनको प्रशंसा गरिदिएका थिए, त्यही आधारमा प्रसिद्ध भएको रहेछ । लाग्यो, कतिपय कमसल सामग्री शक्तिशाली मानिसले प्रशंसा गरेकै भरमा विशेष भएका छन् । सायद, यो नियम मानिसमा अझ बढी लागु भएको हुनुपर्छ । साइप्रस यात्रामा कमान्डेरिया वाइनको खोजी मात्र होइन, त्यहाँको राष्ट्रिय जनावरको खोजीमा पनि केही समय बिताइयो । साइप्रस विभाजित राष्ट्र हो भन्ने कुरा थाहा नभएको होइन, तर सहरको बीचबाटै सेनाको बन्दुकसँगै अर्को देश र सहर सुरु भएको देख्दा म आश्चर्य चकित भएँ । काठमाडौं सहर घुम्दै गरेको कुनै अञ्जान पर्यटक हनुमान ढोकानजिक पुग्दा कसैले तलेजु मन्दिर र दिव्य घण्टातिर देखाएर 'उता नजाऊ त्यो अर्कै देश हो' भन्दा कस्तो महसुस गर्ला, ठीक त्यस्तै भयो मेरो अवस्था । एउटै सहरमा एक व्यक्तिको घर एउटा देशमा र बारी अर्को देशमा पर्दा उसको मनमा कस्ता भाव आउलान् ? एउटा व्यक्ति आफू बच्चा छदाँ जहाँ खुला रूपमा खेल्न स्वतन्त्र थियो, ठूलो भएपछि आफ्ना सन्तानले त्यही ठाउँमा खेल्न नपाउँदा कस्तो महसुस गर्ला ? हिजो किनमेल गर्दा यताको टोलमा आएको मान्छे, अहिले त्यो टोललाई अर्कै देश भन्नुपर्दा उसले कसरी त्यो सत्यलाई स्वीकार गर्ला ? मेरो मनमा यस्ता अनेक प्रश्न मडारिइरहे । विभाजित सहरको सिमानामा पुगेर हामी फर्क्यौं । त्यस दिन हामी पासपोर्ट साथमा नलिई घुम्न निस्केकोले टर्की अधिनस्थ साइप्रसलाई सिमानाबाटै आँखा फैलाएर चित्त बुझाउनु पर्‍यो । साँझ जीवन पञ्जियारको घरमा डिनर गरिरहँदा मलाई साइप्रसको इतिहासले चिमोटिरह्यो । रञ्जितबाट केही र केही गुगलबाट मैले साइप्रसबारेजान्ने प्रयास गरेँ । तर, ती सूचनाहरूका बीचमा त्यहाँका जनताका भावना कसरी विभाजित छ, त्यसको मेसो भने पाउन सकिरहेको थिइनँ । पूर्वीभूमध्य सागरमा अवस्थित साइप्रस टापुलाई प्राचीनकाल देखि नै व्यवसायीहरूले सामान ओसारपसार र अन्य व्यवसाय गर्ने मार्गका रूपमा प्रयोग गर्दै आएका रहेछन् । रणनीतिक क्षेत्र भएकै कारण यो भूमि र यहाँका जनताले बाहिरी आक्रमणको पटक-पटक सामना गरिरहनु परेको इतिहास छ । सबैभन्दा पहिले ईसापूर्व ३ सय ३३ मा सिकन्दर महान्ले यो भूमिलाई अधिनस्त गरेका थिए । यही भूमिबाट उनले फारसी विरुद्ध युद्ध छेडे । यो युद्धमा यिनै भूमि पुत्रहरूको प्रयोग भयो । उनको मृत्युपछि केही सयम यो क्षेत्र स्वतन्त्र भयो, तर त्यस बीचमा यो क्षेत्रका बासिन्दामा ग्रिक सभ्यताको राम्रो प्रभाव परिसकेको थियो । ग्रिक सभ्यतामा सबैभन्दा बढी पुजिएकी आफ्रोडाइटी देवीको जन्मस्थल त्यही क्षेत्रमा भएको विश्वास गरिएकाले पनि त्यो क्षेत्र सम्पूर्ण रूपमा ग्रिक सभ्यताको प्रभावमा पर्न थाल्यो । जनसंख्याको फैलावट हुँदै जाँदा केही टर्किस जाति साइप्रस भूमिमा आइपुगे । टर्किस जाति थोरै भए पनि यहाँ ग्रिकहरूसँग मिलेर बस्न थाले ।

इतिहास हेर्दा यी दुवै जातिबीच कहिलेकाहीं सानोतिनो समस्या त देखिन्छ, तर यसलाई त्यहाँका शासकले सजिलै सामाधान गरेको महसुस हुन्छ । सन् १८७८ मा संसारभर शक्तिशाली हुँदै गएको बेलायतको अधिनमा पुगेपछि भने साइप्रस बेलायती नीतिमा रंगीन थाल्यो । पछि संसारभरि बेलायत अधिनस्थ देशहरू स्वाधिन हुन थालेपछि त्यसको प्रभाव साइप्रसमा पनि पर्‍यो । दुवै जातिले बेलायती साम्राज्य विरुद्ध मिलेर संघर्ष गरे । फलस्वरूप सन् १९६० मा साइप्रस स्वतन्त्र भयो । तर, स्वतन्त्रताको लडाई मत्थर बनाउने क्रममा बेलायतले दुई जातिको एकता कमजोर बनाउन केही नीति अख्तियार गरेको थियो, स्वराज अभियानमा भारतमा जातीय द्वेषको बिजारोपण गरिदिएझैँ ! स्वतन्त्रतापछि यही नीतिका कारण त्यहाँ पनि जातीय द्वेष सुरु भयो । हिजो बेलायती शासकले जसरी यी दुई जातिभित्र राजनीति गरेको थियो, यही रणनीति छिमेकी राष्ट्र टर्कीले गर्न थाल्यो । केही वर्षभित्रै साइप्रसमा रहेका आफ्ना जातिलाई सैनिक र आर्थिक सहयोगले शक्तिशाली बनाएपछि त्यहाँ विद्रोह चर्कन थाल्यो । अन्तत: सन् १९७४ मा पुग्दा देश नै टुक्रन पुग्यो । अहिले उत्तरी भूभागमा टर्की अधिनस्त साइप्रस छ । जसको जनसंख्या केवल ३ लाख छ । यता १० लाख जनसंख्या भएको साइप्रस सन् २००४ देखि युरोपियन युनियनको सदस्यको रूपमा एउटा समृद्ध राष्ट्र बन्ने क्रममा छ । अवैतनिक नेपाली वाणिज्यदूत जीवन पञ्यिारको घरमा डिनर खाने क्रममा उनका छिमेकी सेवानिवृत्त उच्च सैनिक अधिकृत कन्स्तान टिनोस खित्रोदास टर्कीले अन्यायपूर्ण तवरले देश विभाजन गरिदिएको आक्रोश मसँग पोखिरहेका थिए । 'हामीलाई विभाजित गराइदिएर मेरो पुर्खौली सम्पत्ति निर्दयी टर्किस सिप्रियोटले कब्जामा लिएका छन् । यसको जतिसुकै भर्त्सना गरे पनि कम हुन्छ,' उनी भन्दै थिए, 'राजनीतिले जनताको विश्वास माथि निर्ममतापूर्वक प्रहार गर्छ र आफ्नो स्वार्थका लागि देश विभाजन गर्छ । यो सबै गल्ती पारिपट्टिका टर्किस सिप्रियोट जातिलाई टर्कीले भड्काएर भएको हो । विचरा उनीहरू हाम्रा छिमेकी हुन्, दु:ख-सुखका साथी हुन् ।' उनी आक्रोशित भैरहँदा मलाई लाग्दै थियो, सायद पारिपट्टिका मानिसले पनि यताका जनताप्रति देश विभाजनका विषयमा त्यस्तै आक्रोश पोख्दा हुन् । हुन पनि बेलायतबाट स्वतन्त्र हुनका लागि मिलेर दुवै जातिले संघर्ष गरिरहँदा दुवै जातिबीच खासै समस्या थिएन, जब देश स्वतन्त्र भयो र सबै जनताले देश विकास हुने अपेक्षा गरिरहेका बेला छिमेकी राष्ट्रको हस्तक्षेपले देश नै टुक्रने अवस्था आइलाग्यो । हिजो जो छिमेकीसँग ऐँचोपैँचो चल्थ्यो, आज ऊ दुश्मन भएको छ । देश टुक्रिँदाको दुर्दशा सन् ९० को दशकमा १५ वटा सोभियत समाजवादी गणराज्य विभाजन हुँदा मैले आफैले देखे-भोगेको थिएँ । यहाँ सैनिक अधिकृत खित्रोदास, जीवन र रञ्जितका कुरा सुनिरहँदा मलाई त्यही दृश्य याद आइरहेको थियो ।

सैनिकको कुरामा सही थाप्दै रञ्जित भन्दै थिए, 'एकै देशका मानिसको सम्बन्धमा जब छिमेकी देशको राजनीति छिर्छ, त्यो प्रेमपूर्ण सम्बन्ध घृणामा परिवर्तन हुन समय नै लाग्ने रहेनछ ।' वाइन र भेडाको कथा: साइप्रस भ्रमण नितान्त पारिवारिक थियो । छोराहरू अनुराग र अनुकृतको स्कूलमा इस्टरको छुट्टी सुरु भएपछि परिवारसहित कुमार पन्त र विमल विष्टसँग छुट्टी मनाउन साइप्रस जाने पुरानो योजना साकार भएको थियो । यस्तो यात्रामा पारिवारिक प्याकेज टुर केही सुलभ हुन्छ । हामीलाई प्याकेज उपलब्ध गराउने टुर कम्पनीले फ्रान्कफर्टबाट लार्नाकाका लागि सीधा हवाईसेवा उपलब्ध नगराएकोले कोलन सहरबाट हामी लार्नाकाका लागि उडेको थियौँ । कोलन पुगेपछि भने हामीलाई केही सहज भयो । लार्नाका आइपुग्दा साँझको ५ बजेको थियो । शरीर थाके पनि मन थाकेको थिएन । फाइभ स्टार भनिएको भेनसबीच होटेलको उदास सेवाका कारण ४५ वर्षे महिलाले २४ वर्षकी भएँ भनेर उमेर ढाँटेजस्तो लाग्यो । भोलिपल्ट नजिकका केही ठाउँ घुमेर बितायौँ । दिउँसो 'टुम्ब अफ द किंग्स' घुम्न गयौँ । टुम्ब अफ द किंग्स ! इशापूर्व चौथो शताब्दीदेखि झन्डै सात सय वर्षसम्म अभिजात्य वर्गका मानिसलाई समाधिस्थ गर्ने स्थान रहेछ । पुरानो भएकैले होला, यसलाई युनेस्कोले संरक्षित क्षेत्रको सूचीमा राखेको छ । चिहान क्षेत्र भन्दा पनि त्यहाँबाट देखिने समुद्रको दृश्य मनमोहक लाग्यो । यो दृश्य जोकोहीका लागि पनि समुद्रझैँ मनको गहिराइमा गएर बस्न पर्याप्त रहेछ । चिहानघारी र मनमोहक समुद्री तटबाट फर्कँदै गर्दा थाहा भयो, साइप्रसमा उत्पादन हुने 'कमान्डेरिया' ब्रान्डको वाइन संसारकै सबैभन्दा पुरानो मात्र होइन, विश्वप्रसिद्ध रहेछ ।

***-साहित्य संग्रह डटकम***

# आज विश्व युवा दक्षता दिवस मनाइँदैं

**पाल्पा,** असार २९/जुलाई १५ तारिख अर्थात् आज विश्व युवा दक्षता दिवस विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर मनाइँदै छ । सन् २०१४ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारण सभाले निर्णय गरेपछि संसारभरका युवाको समाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि पक्षलाई सुदृढ गर्ने उद्देश्यले यो दिवस मनाउन लागिएको हो ।




दिवसले युवाहरूलाई उचित प्रशिक्षण प्रदान गर्ने र मर्यादित काम, रोजगारी र उद्यमशीलताको लागि सीपहरू सिर्जना गर्ने कुरामा जोड दिन्छ । वर्ष २०२३ को युवा दक्षता दिवसले कोभिड महामारी पछि युवाहरूलाई चाहिने रोजगारीमूलक सीपहरूमा विशेष जोड दिएको छ । वयस्कहरूभन्दा युवाहरू बेरोजगार रहने सम्भावना तीन गुणाले बढिरहेको तथ्याङ्कहरूले देखाउँछ । बेरोजगार मात्र होइन, उनीहरूले रोजगार पाइहालेमा पनि निम्न गुणस्तरको काम पाउने र काममा असुरक्षा र असमानता हुने गरेको पाइएको छ । अझ युवतीहरू बेरोजगार रहने सम्भावना झनै बढी छ । यस वर्षको नारा शिक्षक, प्रशिक्षक र युवाहरूलाई सिपयुक्त बनाउने रहेको छ ।

सरकारले वैदेशिक रोजगारलाई समेत व्यवस्थित गर्न सकेको छैन । हाल रेमिटेन्स कुल ग्रार्हस्थ्य उत्पादनको ३ प्रतिशत बाट बढेर २१ प्रतिशत हुन पुगेको अनुमान छ । देशमा शान्ति सुरक्षा व्यवस्थापन कार्यमा सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण दायित्व निर्वाह गर्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर एक दशकभन्दा बढी समयदेखि द्वन्द्वग्रस्त बनेको हाम्रा मुलुकले राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक तथा विकासका हिसाबले पनि काँचुली फेर्न सक्ने अवस्था युवावर्ग आफैंले सिर्जन गर्नुपर्छ ।

# कर्मचारी माथि अभद्र...

पीडितहरुले वडा नं. ३ र १ का वडा अध्यक्षहरु र अन्य वडाका जनप्रतिनिधिहरुले समेत भिडमा गई अधिकांश गुण्डा प्रवृतिका व्यक्तिहरु भएको भिडलाई थप उत्तेजित पार्ने, कर्मचारीहरुलाई ठिक पार्नुपर्छ भन्ने अभिव्यक्ति दिने र गाउँपालिका अध्यक्षले उचित रुपले रोक्ने प्रयास समेत नगरेको आरोप लगाएका छन् । गाउँपालिकामा उपस्थित भई सुरक्षित रही कामकाज गर्न सक्ने अवस्था नरहेको अनुरोध गर्दै उनीहरुले निर्धक्क भएर कानुन बमोजिमका कामकाज गर्न पाउने र शान्ति सुरक्षाको व्यवस्थाको प्रत्याभुति हुने वातावरण सहित दोषि उपर कानुन बमोजिमको कारवाही गर्न जिल्ला प्रशासन कार्यलयलाई आग्रह गरेका छन् । प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले भने पीडितहरुको कुरा सुनिसकेको र घटनाको विषयमा पालिकाका जनप्रतिनिधिहरुलाई बोलाएर बुझ्ने प्रयास भएको बताए । उनले दुवै पक्षको कुरा सुनेर मात्र आवश्यक प्रक्रिया अगाडि बढाइने एनजेडीसँगको कुराकानीमा भने ।

**सुरक्षाको माग गर्दै निवेदन दिएकोमा अध्यक्षको आपत्ति**

पीडित कर्मचारीहरुले सुरक्षाको माग गर्दै जिल्ला प्रशासनमा निवदेन दिएको विषयप्रति गाउँपालिका अध्यक्ष यमबहादुर चिदीले आपत्ति जनाएका छन् । उनले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै कर्मचारीहरुबाट शान्ति सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन पेश भएको भन्ने विषयमा विभिन्न सामाजिक सञ्जाल र समाचार सप्रेषण भई आएकोमामा गम्भिर ध्यानाकर्षण भएको बताएका छन् । 'सामाजिक सञ्जालहरुमा उल्लेख भए जस्तो पालिकामा कार्यरत प्रशासनिक तथा प्राविधिक कर्मचारीहरुलाई जनप्रतिनिधिहरुबाट काममा कुनै किसिमको दवाब सिर्जना हुने काम नभएको र आफ्नो बिवेकले ऐन, नियम अनुसार काम गर्न समेत निर्देशन भएको हुँदा समाजिक सञ्जालमा सम्प्रेषण भएका समाचारहरु तथ्यहिन, आधारहिन र झुठा रहेकोप्रति पालिकाको घोर आपत्ति रहेको छ' उनले विज्ञप्तिमा भनेका छन् । कर्मचारीलाई अभद्र व्यवहार गर्न नदिन आफू पालिका बैठक रोकेरै सहजीकरण गर्न पुगेको अध्यक्ष चिदीले उल्लेख गरेका छन् ।

**घटनाप्रति नेपाल निजामती कर्मचारीको ध्यानाकर्षण**

यस्तै कर्मचारी माथि भएको घटनाप्रति नेपाल निजामती कर्मचारी युनियन पाल्पाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । उसले एक विज्ञप्ति निकाल्दै जनप्रतिनिधि, सम्बन्धित योजना कार्यक्रमका उपभोक्ता समितिका पदाधिकारीहरुबाट कर्मचारीहरु माथि गाली गलौज, अपशब्द, अभद्र व्यवहार, भौतिक आक्रमण गर्ने प्रयास एवं ज्यान मार्ने धम्की समेत दिएको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको हो । 'राष्ट्रसेवक कर्मचारीको मनोबल कमजोर हुने खालका गतिविधिहरू बन्द गरी कानुन हातमा लिने अराजक व्यक्ति तथा समूहलाई आवश्यक कानूनी कारवाहीका लागि माथागढी गाउँपालिका र सम्बन्धित सरोकारवालाहरूसँग जोडदार माग गर्दछौं' अध्यक्ष रवि अर्याल र सचिव चन्द्रबहादुर वलीद्वरा जारी विज्ञप्तिमा भनिएको छ ।

## खेलकुद समाचार

# नेपाल पाकिस्तान एसँग ४ विकेटले पराजित



**काठमाडौं,** असार २९/श्रीलंकामा चलिरहेको एसीसी इमर्जिङ टिम्स कपमा आफ्नो पहिलो खेलमा पाकिस्तान एसँग नेपाल ४ विकेटले पराजित भएको छ । कोलम्बोस्थित कोलम्बो क्रिकट क्लब ग्राउण्डमा जितका लागि पाएको १८० रनको लक्ष्य पाकिस्तानले ३२.५ ओभरमा ६ विकेट गुमाएर भेटाएको हो ।

पाकिस्तानलाई जिताउन मोहमद तयुब तहिरले अर्धशतकीय पारी खेले । ५१ रन बनाएका उनी ललित राजवंशीको बलमा पवन सराफको हातबाट क्याच आउट भए । नेपालका लागि पवन सराफले ओपनर हसिबुल्ला खानलाई १२ रनमा गुल्सन झाको हातबाट र अर्का ओपनर सइम अयुबलाई पनि २४ रनमा बाउन्ड्री लाइनमा प्रतिस्थापन भएर आएका सन्दीप जोराको हातबाट क्याच आउट गराएका थिए । हसिबुल्लले २३ बलमा १ चौका सहित १२ रन बनाए । पहिलो बलमा नै सोमपाल कामीको बलमा स्लिपमा बसेका कुशल भुर्तेलले उनको क्याच लिन सकेका थिएनन् । पहिलो बलमा नै जीवन दान पाएका उनी ७.१ ओभरमा क्याच आउट भए । पाकिस्तानका अर्का ब्याटर वमिर बिन युसुफ ३६ रनमा आउट भए । ललितले ३, पवनले २ र कुशल मल्लले १ विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले सोमपाल कामीले संयमित ब्याटिङ गर्दै अर्धशतक प्रहार गरेपछि ३७ ओभरमा सबै विकेट गुमाएर १७९ रन बनाएको थियो । सुरुमा पाकिस्तानी बलर मोहम्मद वासिम जुनिय र शहनवाज दहानीको बलिङसामु नेपालको इनिङ्स धर्मराएको थियो । नेपालले रन बनाउन संघर्ष गरिरहेको थियो ।

# परम्परागत बाली हराउँदै...

...उनले करिब दस रोपनी भाडामाको जमिनमा तरकारी लगाउँदै आएका छन् । 'जग्गा भाडामा लिएर व्यावसायिक खेती गर्नेलाई स्थानीय जातको बीउ लगाएर हुँदैन, स्थानीय जातमा धेरै रोगकीराले सताउने गर्दछ, बजारमा आएका नयाँ जातका बीउ बेला बेलामा खरिद गरेर तरकारी खेती गरिरहेको छु, उत्पादन राम्रै दिइरहेको छ' उनी भन्छन् । स्थानीय जातका बीउ लगाउँदा मेहनत र लगानी अनुसारको उत्पादन लिन नसकिने तर उन्नतले उत्पादन वृद्धि र रोगकीरा पनि कम लाग्ने गरेको कृषक थापाको भनाइ छ । उनले हरेक वर्ष बिरुवा राख्नु अगावै कृषि प्राविधिकसँग सल्लाह लिएर नयाँ जातका बीउ लगाउँदै आएका छन् । भण्डारण गरिएको गुणस्तरको बीउ पाइएपछि किसान यसतर्फ आकर्षित हुन थालेका हुन् । किसानले बर्सेनि एकै जातको भण्डारण नगरिएका धान, तरकारी बालीको बीउ प्रयोग गर्दा लगानी उठाउन समस्या परेको थियो । बजारमा पछिल्लो समय तरकारी, धान, मकै, गहुँ, र फलफूलमा नयाँ जातको गुणस्तरको बीउ आएपछि खेती गर्न सहज र धेरै उत्पादन लिन पाइने भएपछि पुरानो जात छाडेर नयाँ जातको बीउ धेरैले प्रयोग गर्न थालेको रामपुर नगरपालिका कृषि शाखा प्रमुख रामहरि पाण्डेयले बताए । उनी भन्छन्, 'रैथाने बाली केही ठाउँमा बीउ जोगाउन छिटफुट मात्रामा लगाउने गरिए तापनि सबैले बर्सेनि नयाँ र उन्नत जातका बीउ प्रयोग गर्ने गरेको पाइन्छ, राम्रोसँग भण्डारण गरिएको गुणस्तरको बीउ पाइने हुँदा उत्पादन धेरै लिन पुरानो बाली छाडेर नयाँ जातका बालीमा किसान आकर्षित छन् ।' अहिले धानबालीअन्तर्गत सावित्री, सावा मन्सुली, यू यस ३१२ च्यापियन, राजा गोरखनाथजस्ता जातका बीउ चलन चल्तीमा छन् । पाल्पाको दोस्रो खाद्यान्न बालीका रूपमा रहेको धान बाहिरबाट निर्यात हुँदै आएको छ । खेतीयोग्य जमिन घर घडेरीमा परिणत हुन थालेपछि उत्पादन घट्दै गएको कृषि प्राविधिक बताउँछन् । खेती गरिएको जमिनमा भने उन्नत जातको धान उत्पादन बढ्दो मात्रामा रहेको छ । थोरै जमिनमा धेरै उत्पादन लिने उद्देश्य राखेपनि स्थानीय र उन्नत जातको स्वादमा भने फरकपन हुन्छ । छोटो समयमा धेरै उत्पादन लिने उद्देश्यले स्थानीय जातका परम्परागत बीउ लोपहुँदै गएको हो । व्यावसायिक तवरले खेती सुरु गरिएकाले स्थानीय बीउबाट आर्थिक लाभ लिन नसकिने हुँदा मनग्य उत्पादन गर्न उन्नत बाली लगाउने गरिएको सम्वद्ध किसान बताउँछन् । *-रासस*

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पाको प्रविणता प्रमाणपत्र तह ल्यावमा २०८०/०८१ को नयाँ भर्ना सम्बन्धी सूचना

सिट संख्या : ३० जना

- फारम शुल्क बापतको रु. १५००
- फारम भर्ने अन्तिम मिति : २०८०/०४/१२ गते बिहीबार ५:०० बजे सम्म

| क.सं. | कोटाको किसिम | विद्यार्थी संख्यामा |
|---|---|---|
| १. | खुल्ला प्रतिस्पर्धाबाट | १२ |
| २. | दलितबाट | १ |
| ३. | जनजातिबाट | १ |
| ४. | अन्य कार्यालयबाट | १ |
| ५. | तानसेन मिशन अस्पताल कर्मचारी/कर्मचारीका छोराछोरीबाट | २ |
| ६. | तानसेन नगरपालिकाबाट | ८ |
| ७. | सांझेदार संस्थाहरु मध्येबाट | |
| | तानसेन स्कूलअफ हेल्थ साईन्सबाट | १ |
| | प्रा.शि.तथा व्या.ता. परिषदका कर्मचारी/कर्मचारी परिवारबाट | १ |
| | UMN बाट | १ |
| ८. | वर्गिकृत छात्रवृत्ति (प्रा.शि.तथाव्या. ता. परिषदबाट छनौट भई आउने) | २ |

विस्तृत जानकारीका लागि परिषदको वेबसाईट www.ctevt.org.np **www.ctevtp5.org.np** तथा यस संस्थाको सम्पर्क नं ०७५-५२०१६६

## तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पाको प्रविणता प्रमाणपत्र तह नर्सिङ्गमा २०८०/०८१ को नयाँ भर्ना सम्बन्धी सूचना

सिट संख्या:४० जना

- फारम शुल्क बापतको रु. १५००
- फारम भर्ने अन्तिम मिति : २०८०/०४/१२ गते बिहीबार ५:०० बजे सम्म

| क.स | कोटाको किसिम | विद्यार्थी संख्यामा | |
|---|---|---|---|
| | | महिला | पुरुष |
| १ | खुल्ला प्रतिस्पर्धा महिला | ८ | |
| २ | खुल्ला प्रतिस्पर्धा पुरुष | | ४ |
| ३ | दलित खुल्ला महिला | २ | |
| ४ | जनजाति खुल्ला महिला | ३ | |
| ५ | दलित तथा जनजाति खुल्ला पुरुष | | १ |
| ६ | तानसेन नगरपालिकाको कार्यालयबाट महिला | २ | |
| ७ | तानसेन नगरपालिकाबाट महिला | ७ | |
| ८ | अन्य संस्था महिला (पाल्पा उद्योग वाणिज्य संघ) | २ | |
| ९ | सांझेदार संस्थाहरु मध्येबाट | | |
| | • यू एम.एन.बाट महिला | १ | |
| | • प्रा.शि.तथा व्या. ता. परिषदका कर्मचारी /कर्मचारी परिवार | १ | |
| १० | तानसेन स्कूल अफ हेल्थ साईन्सबाट महिला | १ | |
| ११ | तानसेन स्कूल अफ हेल्थ साईन्सबाट पुरुष | | १ |
| १२ | बर्गिकृत छात्रवृत्ति महिला | ३ | |
| १३ | टि एस एल सी कोटा | ३ | |
| | टि एस एल सी कोटा तानसेन मिशन अस्पतालबाट | १ | |

विस्तृत जानकारीका लागि परिषदको वेबसाईट www.ctevt.org.np **www.ctevtp5.org.np** तथा यस संस्थाको सम्पर्क नं ०७५-५२०१६६

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई